# दिग्दर्शन

पवन चामलिङ

*''नेता र कार्यकर्त्ता भनेको कामले*

*छुट्ट्याउँछ। पार्टीको निर्देशन पालन गर्नु*

*पार्टी अध्यक्षदेखि सदस्यसम्म सबैको*

*कर्तव्य हो। पार्टीको निर्देशनको अघाड़ि*

*सबै नेताहरू पनि कार्यकर्ता हुन्।''*

- पवन चामलिङ

# दिग्दर्शन

सिक्किमलाई कंगाल र सिक्किमेलाई दास बनाउने एकमुट्ठी मान्छेबाहेक सबै सिक्किमेको साझा पार्टी हो - सिक्किम डेमोक्रेटिक फ्रण्ट। यो पार्टी सिक्किमभरिका सबै शोषित, गरीब, मजदूर, किसान, कर्मचारी, विद्यार्थी, व्यापारी, महिला, शिक्षक, बुद्धिजीवीहरूको पार्टी हो।

यसको उद्देश्य केवल मीठो नारा दिएर सत्ता हासिल गर्नु होइन। सिक्किमे जनतालाई पूर्ण प्रजातन्त्र, स्वच्छ शासन, सम्पन्नता, समानता र शान्ति दिने ऐतिहासिक भार हाम्रो पार्टीले बोकेको छ। आजको स्थितिमा हाम्रो पार्टीले बोकेको उद्देश्य हासिल गर्नु चानचुने ताकत र प्रयासले सम्भव छैन। यसको निम्ति आजभन्दा पहिलेका सबै पार्टीले भन्दा बेग्लै प्रकारको महान उद्देश्य लिएर निःस्वार्थ भावले धेरै प्रयास गर्नु आवश्यक भएको छ।

कुनै पनि पार्टीको सबैभन्दा महत्वपूर्ण कुरा सिद्धान्त हुन्छ। प्रथमतः सिद्धान्त राम्रो र सही हुनुपर्दछ। सिद्धान्त भनेको प्रकाश हो, ज्योति हो, त्योबिना अघाड़ि बढ्न सम्भव छैन। मनमानी गर्ने, भ्रष्टाचार गर्ने सिद्धान्त लिएको हुनाले आज यत्रो वर्ष शासन गरेको, धेरै रुपियाँ पैसा भएको संग्राम परिषद् पार्टी तासको महल बनेर ढलेको छ। सिक्किममा जन्मिएका अन्य क्षेत्रीय पार्टीहरूले अपेक्षित विकास गर्न नसक्नुको कारण उनीहरूमा राष्ट्रिय दृष्टिकोणको सर्वथा अभाव भएकोले गर्दा नै हो। अर्कातिर राष्ट्रिय पार्टीका सिक्किम शाखाहरू चाहिँ सिक्किम सुहाउँदो कार्यक्रम र नीतिकै अभावमा टाक्सिएका छन्।

हाम्रो पार्टीसँग सिद्धान्त छ। सिक्किमको बहुसंख्यक जनताको हित गर्ने सिद्धान्त बोकेको छ हाम्रो पार्टीले। प्रजातन्त्र, समानता र सम्पन्नता हाम्रो मूल सिद्धान्त हो। अब सिक्किमे जनताले गौरवसाथ भन्न सक्दछन् कि हामीसँग प्रजातान्त्रिक सिद्धान्त भएको पार्टी छ। निजी स्वार्थ, भाइ-भतिजावाद र नातावाद यो पार्टीमा चल्दैन। भ्रष्टाचार गर्न हाम्रो पार्टीले छूट दिँदैन। कुनै पनि व्यक्तिहरूलाई विधायक, चेयरम्यान वा मन्त्री बनाएर भ्रष्टाचार गर्न दिने हाम्रो सिद्धान्त होइन। सिक्किमे जनतालाई नोकर बनाउने अधिकार कसैलाई छैन। हामी हाम्रो धरतीका छोरा र छोरीलाई सिक्किमको मालिक बनाउने आन्दोलनमा छौं। सिक्किम डेमोक्रेटिक फ्रण्ट एउटा आन्दोलनको नाम हो। यो भण्डारीको बदलामा चामलिङलाई तानाशाह बनाउन खोलिएको पार्टी होइन। जनताको हितलाई सबैले आफ्नो शिरमा राख्नुपर्दछ।

हामीसँग प्रजातन्त्रको सिद्धान्त छ तर अब त्यो सिद्धान्तलाई व्यवहारमा कसरी प्रयोग गर्ने? एउटा अति नै राम्रो सिद्धान्त भएर पनि व्यवहार त्यसको उल्टो हुन्छ भने हामीले बनाउन चाहेको सिक्किम बन्दैन। सिक्किम राम्रो बन्दैन। सिद्धान्तपछिको

महत्वपूर्ण कुरा व्यवहार हो। यो राम्रो सिद्धान्तलाई व्यवहारमा लागू गर्ने काम हाम्रो पार्टीको सबै नेता, कार्यकर्ता र समर्थकहरूको हो। त्यसैकारण हाम्रो पार्टीका सबै सदस्यहरूले, सबै कमिटीहरूले यो महत्वपूर्ण विषयमा ध्यान दिनुपर्दछ।

पैसा र पद पाउँदा सक्रिय हुने, नपाउँदा पार्टीकै विरोध गर्ने तरीका सिक्किम डेमोक्रेटिक फ्रण्टमा चल्दैन।

साथी हो, 'पद' भनेको त जनताले प्रदान गर्ने कुरा हो। मन लगाएर जनताको सेवा गर्दैजाँदा जनताले प्रेम दिन्छन्, विश्वास दिन्छन् र पद दिन्छन्। जनतालाई दबाउन खोज्यो भने दिएको पद पनि फिर्ता लिन्छन्। सजाय दिन्छन्। भोलिको आउने दिनमा सिक्किम र सिक्किमे जनताको हाड़-मासी चुस्नेहरूलाई सजाय मिल्नेछ। जनताको हित गर्नेहरूलाई सम्मान मिल्नेछ। विशेष गरेर म युवा साथीहरूलाई यो कुरामा ध्यान दिन आह्वान गर्दछु। जबरजस्ती नेता बन्ने चाहना राख्नु भनेको छायाँ पक्रिन खोजेजस्तो हो। प्रजातन्त्रको घाम सिक्किममा उदाउँदैछ, सबैको छायाँ देख्नसकिनेछ। सिक्किमको हितको निम्ति, सिक्किमेको कल्याणको निम्ति अघाड़ि बढ़ौं, छायाँ साथमा हुनेछ। अर्थात् पद तपाईं हामीसँग हुनेछ। याद राखौं - कार्यकर्ता राम्रो भएन भने, निःस्वार्थ भएन भने पार्टी काम लाग्दैन। त्यस्तो पार्टीको पछाड़ि जनता लाग्दैनन्। सिक्किम राम्रो भयो भने सबैको हित हुन्छ। सिक्किममा मेडिकल कलेज, इञ्जिनियरिङ कलेज, विश्वविद्यालय खोलेपछि हामी सबैका सन्तानले पढ़्न पाउनेछन्। हामीसँग दक्ष जनशक्ति (SKILLED MEN-POWER) हुनेछ।

म बिन्ती गर्छु, धेरै धनी हुनको निम्ति राजनीतिमा नआउनुहोस्, ठूलो पद पाउनु राजनीतिमा नआउनुहोस्, सिक्किम डेमोक्रेटिक फ्रण्टमा त्यसलाई स्थान छैन। आउनुहोस् स्वागत छ, सिक्किमको भविष्य राम्रो बनाउन सिक्किम डेमोक्रेटिक फ्रण्टमा सामेल हुनुहोस्। सम्पन्नता, शान्ति र समानताले भरिएको सिक्किम बनाउन यो आन्दोलनमा आउनुहोस्, हार्दिक स्वागत छ।

यो प्रजातन्त्रको आन्दोलनका, सिक्किम डेमोक्रेटिक फ्रण्टका सबै सदस्यहरूले पार्टीको नेतृत्वमा संगठित विभिन्न जनसंगठनहरू तथा केन्द्रीय तहदेखि ग्रामीण तहसम्मका पार्टी कमिटीहरूले तलका बुँदाहरूमा ध्यान दिएर त्यसलाई व्यवहारमा पालन गर्नुपर्दछ।

१. प्रत्येक सदस्यले दिनमा केही घण्टा विश्वको राजनीति, अर्थनीति, भूगोल, इतिहास, विज्ञान, कला, साहित्य आदि विषय पढ़्नुहोस्। आफ्नो सम्पर्कमा आउनेलाई पनि पढ़्न लगाउनुहोस्, अध्ययनलाई आदत बनाउनुहोस्।

२. तास-जुवा त्याग्नुहोस्। हामी पहिले राजतन्त्र र पछि पनि तानाशाही शासन अधीन बस्नुपरेकोले समय काट्न तास-जुवा खेल्छौं र बिस्तारै त्यो बानी बन्दछ। यसलाई त्याग्न सबैले प्रयत्न गरौं। फुर्सदको समय पुस्तक र पत्र-पत्रिकाहरूमा खर्च गरौं।

३. आ-आफ्नो, गाउँ-बस्ती, शहर र टोलमा पुस्तकालयहरू जनस्तरमा चलाउने प्रयत्न गरौं।

४. शहर र सुविधामा होइन, जनताको बीचमा जाने आदत बनाउनुपर्छ। जनताको समस्यालाई नजीकबाट हेर्नु, ती समस्याहरूलाई पार्टी कमिटीमा ल्याएर छलफल गरी निर्णय लगेर जनतामा लागू गर्नु पार्टी सदस्यहरूको कर्तव्य हो।

५. जनताबाट नै ज्ञान र शक्ति प्राप्त हुन्छ भन्ने कहिल्यै पनि भुल्न हुन्न।

६. नारीवर्गलाई खेलौना सम्झेर व्यवहार गर्ने चलन त्याग्नुपर्दछ। नारी कार्यकर्ताले पनि आफूलाई पुरूषसरह ठानी अघाड़ि बढ्नुपर्दछ। नारीहरूको सबैले सम्मान गर्नुपर्दछ। पहिलेको राजनीतिमा सत्तारूढ़ पार्टीले राजनीतिमा आउने नारीलाई बद्नाम हुने स्थिति सिर्जना गऱ्यो। सिक्किम डेमोक्रेटिक फ्रण्टमा आत्म-सम्मानसाथ, मर्यादा र इज्जतसाथ नारीको सहभागिता रहेको छ, रहनेछ।

७. पार्टी फण्डको, आम्दानी र खर्चको पूरा हिसाब राख्नुपर्दछ। मनलागी खर्च गर्न हुँदैन। रुपियाँ-पैसा जम्मा गर्दा र खर्च गर्दा कमिटीको मीटिङबाट निर्णय गराउनुपर्दछ।

८. 'म यो ठाउँको उम्मेद्वार (CANDIDATE) हुँ' भनेर हिंड्नु भूल-धारणा हो। जनताको सिफारिशमा पार्टीले टिकट प्रदान गर्नेछ।

९. मूर्ख र घमण्डी होइन, ज्ञानी र विनम्र बन्नसिकौं।

१०. पार्टीका साथीहरूले आफ्नो असन्तोष र मतभेदलाई पार्टीभन्दा बाहेक जथाभावी खुल्ला गर्नु हुँदैन। त्यसो गर्दा पार्टी र त्यो व्यक्ति दुवैलाई नराम्रो असर पर्दछ। पार्टीभित्रको समस्या पार्टी च्यानलमार्फत नै समाधान गर्नु जरुरी छ। पार्टीको सिद्धान्तसँग मतभेद हुनेले मात्र पार्टीबाट अलग बनेर आफ्नो विचार खुल्ला राख्नुसक्छ।

११. विशेष गरेर युवा साथीहरूले विचार गर्नुपर्छ कि हामीहरू विभिन्न ठाउँबाट एउटा पार्टीको झण्डा वरिपरि जम्मा भएका छौं। हाम्रो खान-पान, रहन-सहन, भाषा-भूषा, संस्कृति आदिमा अन्तर छ। तथापि हामी एउटै उद्देश्य बोकेका सिपाहीहरू हौं। हाम्रो बीचको फरक सिद्धान्त र आदर्शको तुलनामा केही होइन। हाम्रो भाषा बेग्ला-बेग्लै भए पनि आवाज एउटा छ, नारा समान छ। हाम्रो पहिरन फरक भए तापनि हाम्रो झण्डा एउटै छ।

१२. नेताको वरिपरि झुम्मिने होइन, जनताको वरिपरि पुगेर चेतना जगाउनुपर्दछ।

१३. आजका नेताहरू हिजोका कार्यकर्ताहरू हुन्, त्यसरी नै आजका कार्यकर्ताहरू भोलिका नेताहरू हुन्। हाम्रो काम नेता बन्ने होइन; जनताको सेवा गरौं, उनीहरूको अधिकारको निम्ति संघर्ष गरौं जनताले हामीलाई नेता बनाउने छन्।

१४. पार्टीको घोषणा-पत्र, विधान र कार्यक्रमहरू अनि उच्चतम कमिटीका निर्णयहरूलाई पालन गर्नुपर्दछ। हामीले नै त्यसको पालना गरेनौं भने अरूले कसरी

हाम्रो पार्टीमा विश्वास गर्नसक्दछ? त्यसैले हामीले पार्टीको सिद्धान्तलाई सधैं पालन गर्नुपर्दछ।

१५. सिक्किम डेमोक्रेटिक फ्रण्टका कार्यकर्ताहरूले अनुशासनको उदाहरण देखाउनुपरेको छ। आफ्नो खुशीमा होइन, पार्टीको निर्देशनमा चल्नुपर्दछ।

१६. पार्टीको नीति बुझेपछि नै जनता सचेत बन्दछन् र पार्टीको वरिपरि गोलबद्ध हुन्छन्। यो सत्यलाई बुझेर पार्टीको नीतिद्वारा जनतालाई दीक्षित पार्नु कार्यकर्ताको अहम् कर्तव्य हो। नीतिसँगै नेतृत्वको प्रश्नमा पनि कार्यकर्ताहरू स्पष्ट हुनु जरूरी छ। नेतृत्व जनताबीच स्थापित छैन भने वा नेतृत्वलाई जनतामा स्थापित गराउन सकिएन भने पार्टी निश्चित रुपले कमजोर हुँदै जानेछ।

हाम्रोजस्तो क्रान्तिकारी पार्टीले व्यक्तिपूजा (PERSONAL CULT) -को विरोध गर्दछ। तर सुसंगत ढंगले नेतृत्वलाई स्थापना गर्ने कुरालाई भने पार्टीले गम्भीर महत्व दिन्छ। हामीलाई नेतृत्वको एउटा विशाल पंक्तिलाई समेत नेतृत्व प्रदान गर्ने अर्थात् एस.डी.एफ.-को नीति प्रतिपादनमा सर्वाधिक महत्वपूर्ण भूमिका निर्वाह गर्ने पार्टी नेतृत्व नै हाम्रो आन्दोलनको सर्वोच्च नेतृत्व भएकाले यो नेतृत्वको रक्षा र स्थापना गर्नु कार्यकर्ताहरूको साझा कर्तव्य हो।

सामूहिक नेतृत्व (COLLECTIVE LEADERSHIP)

हाम्रो पार्टीले साझा र सामूहिक नेतृत्वको अवधारणामा विश्वास गर्दछ तर यसको अर्थ बहुकेन्द्रको स्थापना पटक्कै होइन। हरेकले आफूलाई केन्द्र ठानेर व्यवहार गर्ने हो भने हामी अराजकताको दहतर्फ झर्नेछौं र हाम्रो पार्टीरुपी नाउ त्यही दहमा डुब्नेछ।

सिक्किमलाई एक्काइसौं शताब्दीमा लैजाने घोषणा र कार्यक्रम एसडीएफ पार्टीको छ। पार्टीलाई यही कार्यक्रम र घोषणाको आधारमा जनादेश मिलेको हुँदा जनाकांक्षाको कदर गरिनुपर्दछ। हाम्रोअघि काम र जिम्मेवारीको विशाल रास छ, त्यसलाई निप्टाउने संकल्प गर्नुपरेको छ।

साथीहरू! आज हामी प्रजातान्त्रिक प्रणालीको अभ्यास गर्दैछौं। यो प्रणाली नै हाम्रो समाजको भलाइको लागि उपयुक्त ठहरिएकोले हामीले यसलाई अप्नाएका छौं। त्यसर्थ प्रजातान्त्रिक प्रणालीबाटै हाम्रा सबै समस्याहरूलाई समाधान गर्नुपरेको छ, यसैबाट समस्त सामाजिक रोगहरू (समाजका मैला-कुचैला, ऊँच-नीच, भेदभाव, अन्याय, शोषण, दमन इत्यादि) -लाई ठीक पार्नुपरेको छ।

प्रजातन्त्रलाई कायम गर्ने वा बचाउने जिम्मा कुनै एक व्यक्ति वा कमिटीको होइन, र हुनसक्दैन। प्रजातान्त्रिक प्रणाली भनेकै जनताको साझा भलाइको निम्ति सबैले जिम्मेवारी अप्नाउने प्रणाली हो। झन् हाम्रो पार्टीको त सैद्धान्तिक आस्था नै प्रगतिशील सामाजिक प्रजातन्त्रमा भएकोले पार्टी कार्यकर्ताहरूले जनगणको हितलाई नै आफ्नो हित ठानेर संगठन र संघर्ष गर्नुपर्दछ।

जिम्मेवारीबाट पन्छिने आदत ठीक होइन। जनताको पक्षमा राजनीति गर्नचाहनेहरू हाम्रो पार्टीमा छन्; किनभने हाम्रो पार्टी नै जनताको पक्षमा राजनीति गर्न चाहन्छ र गर्दैछ। जनताको लागि राजनीति गर्ने धर्मलाई स्वीकार गरेपछि यो धर्मलाई धान्न र फैलाउन पनि सक्नुपर्दछ। केवल सुविधा भोग गर्ने, गाड़ी-घोड़ा अनि आलीशान महलका सपना देख्नेहरू जनताका दर्दहरू सुन्न र देख्न सक्दैनन्। उनीहरू यो गुण (शक्ति) -बाट वञ्चित हुन्छन्। व्यक्तिवादी विचार र सोचाइले मान्छेलाई मान्छे हुनसम्म दिँदैन। यस कुरालाई गहिरिएर बुझ्ने औ अप्नाउनेहरू हाम्रा पार्टीका खास कार्यकर्ताहरू हुन् र हुनसक्नेछन्। त्यसैले व्यक्तिगत स्वार्थहरूलाई त्यागेर जनताको साझा हितको निम्ति हाम्रा पार्टी कार्यकर्ताहरू एकबद्ध बन्नपर्नेछ, निष्ठावान बन्नुपर्नेछ।

पार्टी वा समाजका समस्याहरू निवारण गर्ने जिम्मा अरूको काँधमा हालिदिएर आफू पछि हट्ने प्रवृत्तिलाई रोक्नुपर्दछ। यस्ता कामहरूलाई स्वेच्छापूर्वक (VOLUNTARILY) अघि बढ़ेर आफूले निप्टाउने काम गर्नु जरुरी छ।

पार्टीका फसेलाहरू साझा फसेला हुन्। त्यस्ता फसेलाहरूलाई 'मेरो आफ्नो फसेला हो' भनी स्वीकार्नु र अप्नाउनुपर्दछ अनि कार्यमा बदल्नुपर्दछ। घटनाहरू यस्तो पनि छ कि कतिपय कार्यकर्ताहरू पार्टीका फसेलाहरूप्रति उदासीन रहन्छन्। कतिपयले त कुनै फसेला तात्कालिक रुपमा गलतजस्तो भान भयो भने जनतालाई सम्झाउनु / बुझाउनुको सट्टा उल्टै पार्टी र नेतृत्वको आलोचना सार्वजनिक ठाउँहरूमा गर्ने गरेका गलत आचरण पनि देखाउने गरेको पाइएको छ। यस्ता गलत अभ्यास एवं बानीहरू सुधार्नुपर्दछ। पार्टीका फसेलाहरूलाई सही पार्टी फोरम (कमिटीहरू) -मा बहस गर्नुपर्दछ, र निर्णयहरू बदल्नुपर्ने भए बदल्नुपर्दछ। तर पार्टीको फसेलालाई जनताले स्वीकार गरे 'मैले भनेको नि!', 'मैले गरेको नि!' भन्दै ढोल पिट्ने अनि जनताले कुनै फसेला तत्काल बुझ्न / स्वीकार्न नसके 'खै कुन्नी के गरेको!' 'बर्बाद गर्‍यो!' भन्दै आफूलाई गंगाजल छर्किने प्रवृत्ति पार्टी अनुशासनबाहिर पर्दछन्। यस्ता प्रवृत्तिहरूलाई रोकेर कार्यकर्ताहरू अनुशासित बन्नुपर्दछ।

पार्टीका निर्णय एवं कार्यक्रमहरू पूरा गर्न प्रत्येक पार्टी कार्यकर्ताले व्यक्तिगत रुपमा जिम्मेवारी लिनसक्नु पर्दछ। त्यसैले हाम्रा फसेलाहरू साझा हुन् तर जिम्मेवारी व्यक्तिगत हुनेगर्दछ। यसको तात्पर्य, विशेष काम गर्ने फसेला पार्टीले लिँदछ अनि त्यसलाई कार्यरुपमा बदल्न आवश्यक कार्यकर्तालाई जिम्मेवारी दिइन्छ। कार्यकर्ताहरूले पार्टीका यस्ता जिम्मेवारीलाई आफ्नो जिम्मेवारी ठानेर निष्पादन गर्नेछन्।

कार्यकर्ताहरूले समाजका सबै समस्याहरूलाई समाधान गर्ने प्रयत्न गर्नुपर्दछ। जस्तो कि आज हामीलाई बेरोजगारीको समस्याले चपेट्दै लगिरहेको छ। यस्ता समस्याहरू सामाजिक प्रयासहरूबाट मात्र समाधान गर्न सकिन्छ। त्यसैले

जनगणलाई, शिक्षित बेरोजगारहरूलाई विभिन्न खाले उद्यमहरू गर्न हाम्रो पार्टी र सरकारले लिएका निर्णयहरूको जानकारी पार्टी कार्यकर्ताहरूले नै दिनुपर्दछ। गैर-सरकारी संथानहरूलाई यस दिशामा प्रेरित, प्रोत्साहित गर्नुपर्दछ। खेती-किसानी वा अन्य खाले इलिमहरूमा लागेकाहरूलाई अधिनूतन (ULTRA-MODERN) प्रविधि एवं तौर-तरीकाहरू उपलब्ध गराउन पार्टी कार्यकर्ताहरूले प्रयास गर्नुपर्दछ।

हाम्रो सरकारले आदर्श गाउँहरूको परिकल्पनालाई कार्यान्वयन गर्दैछ। पारम्परिक घरहरू लिएर बन्ने यस्ता गाउँहरूमा समस्त आधारभूत सुविधाहरू उपलब्ध हुनेछन्। पानी, बिजुली, सड़क, सार्वजनिक शौचालय, शिशु उद्यान, अस्पताल र स्कूल सबै-सबै थोकको व्यवस्था यस्ता गाउँहरूमा गरिएका छन्। यसले गरीब सुकुमवासीहरूलाई सुविधासम्पन्न सिक्किमवासी बनाउनेछ, साथै यसले पर्यटकहरूलाई आकर्षित पनि गर्नेछ। यो कुरा मैले विशेष कारणले गर्दैछु। सरकारको यस आदर्श गाउँको परिकल्पना र योजनाले सबै भौतिक सुविधाहरू त उपलब्ध गराएको छ, तर सिक्किमलाई हामी आत्मिक रुपले पनि सम्पन्न पार्न चाहन्छौं। यस कामको निम्ति हाम्रा पार्टीका कार्यकर्ताहरू जागरूक र सक्रिय बन्नुपर्दछ र सिक्किमलाई नै आत्मिक-भौतिक सबै दिशाबाट आदर्श ठाउँ बनाउनुपर्नेछ।

हाम्रो पार्टीको काँधमा सिक्किमलाई नै 'आदर्श राज्य' बनाउनुपर्ने जिम्मेवारी छ। हामी यसलाई भौतिक र आत्मिक दुवै रुपमा आदर्श बनाउन चाहन्छौं। शोषण-दमन-भेदभावजस्ता नराम्रा कुराहरूलाई शेष गर्ने हाम्रो कार्यक्रम छ। यसबाहेक पनि थुप्रै अन्य किसिमका नराम्रा लत एवं आचरणहरू छन्, जसलाई रोक्नुपर्दछ। यस कामका निम्ति हाम्रा कार्यकर्ताहरू समर्पित भएर लाग्नुपर्दछ।

पुरानो पीढ़ीमा भएका नराम्रा आचरण एवं कुलतहरूलाई त्यागेर राम्रा आचरणहरूलाई मात्र अप्नाउन कार्यकर्ताहरूले नयाँ पीढ़ीलाई प्रोत्साहित गर्नुपर्दछ। जाँड़-रक्सी-मदपान, जुवा-तास, वेश्यावृत्ति, वेश्यागमन आदिको कुलतलाई हटाउनैपर्छ। त्यसको साटो साहित्य, कला, संगीत, खेलकूद, अध्ययन-चिन्तन आदि रचनात्मक गतिविधिहरूमा आफू स्वयं पनि लागेर अरूहरूलाई पनि त्यसमा सामेल गराउनुपर्नेछ। हामी आफै मानसिक-बौद्धिक रुपमा स्वस्थ एवं सबल बन्नुपर्दछ र अरूहरूलाई दिशा-निर्देश गर्नसक्नु पर्दछ। विभिन्न विषयहरूमाथि बहस र विवेचना गर्ने, सेमिनार र गोष्ठीहरू गर्ने, जनतालाई वैज्ञानिक ढंगमा सोच्न प्रेरित गर्ने, तथ्यपरक एवं युक्तिसंगत ढंगमा सबै घटना-परिघटनाहरूलाई बुझ्ने र हेर्ने ठोस् दृष्टिकोणको निर्माण हामीले गर्नुपर्दछ। यसरी मात्र सांस्कृतिक एवं आत्मिक रुपमा हामीले उन्नति गर्नसक्नेछौं।

अहिले विश्वमा चालु विकासको ढाँचाले वन, वायु, नदी, हिमाल आदि सबै पर्यावरणीय तत्त्वहरूको तीव्र विनाश गर्दैछ। सम्पूर्ण प्राकृतिक र मानवीय सम्बन्धलाई मुद्राको सम्बन्धमा विघटित गर्ने यो निष्ठुर प्रणाली र विकासको

ढाँचालाई निषेध गर्नै पर्ने भएको छ। यसलाई निषेध गरेर प्रकृतिसँग मानिसको सह-सम्बन्धलाई सुनिश्चित पार्ने प्रणाली र ढाँचालाई चाँड़ै नै कायम गर्न सकिएन भने संरक्षण आन्दोलनका प्रेरणास्त्रोत तथा महान द्रष्टा जर्ज पार्किन्स मार्शले आफ्नो विख्यात कृति "MEN & NATURE" -मा भने झैं 'धरती आफ्नै सर्वश्रेष्ठ निवासी (मानिस) -को निम्ति अनपयुक्त हुँदै गएर मानव जाति नै विलुप्त हुने स्थिति पैदा हुनेछ।'' (मार्श मेन एण्ड नेचर)

गत उन्नाइसौं र बीसौं शताब्दीमा के आशा गरिएको थियो भने सामाजिक परिवर्तनहरूले मानिस र प्रकृतिबीच सम्पोषणीय सम्बन्धलाई सुनिश्चित गर्ने समाज व्यवस्थाको जन्म दिनेछ। आशा गरिए जस्तै क्रान्तिहरू भए र तिनले वातावरण संरक्षणको दिशामा मानव जातिलाई सचेत पनि गराए तर तिनको आयु र आकार अत्यन्त छोटो रह्यो। कतिपय वातावरणवादीहरूले के भन्न थालेका छन् भने अब वातावरणको विनाशको खतराले नै मानिसलाई सामाजिक क्रान्ति गर्न प्रेरित गर्नेछ।

मानवताप्रति, मानव जातिको वर्तमान र भविष्यप्रति प्रतिबद्ध हाम्रोजस्तो पार्टीले मानव जातिको अस्तित्वसँग सम्बन्धित पर्यावरणको प्रश्नलाई अत्यन्त महत्त्व दिन्छ। मेरो विचारमा मानवकेन्द्रित दृष्टिकोण र सिद्धान्तले प्रकृतिसँग मानिसको सह-सम्बन्धलाई बेवास्ता गर्नै सक्दैन।

सिक्किम डेमोक्रेटिक फ्रण्टको स्थापनाको कालदेखि नै हामीले वातावरण संरक्षण आन्दोलनलाई संगठित र सञ्चालित गर्दै आएका छौं। यस सम्बन्धी हाम्रो दृष्टिकोणको प्रचार-प्रसार गरेर जनतालाई सचेत पार्नु र संरक्षणका निम्ति ठोस् कामहरू थाल्नु एसडीएफका सम्पूर्ण कर्मीहरूको अहम् कर्त्तव्य हो। यो कर्त्तव्य पालना गर्न हाम्रो पार्टी पंक्ति र आम जनतालाई समेत मार्गदर्शन होस् भनेर वातावरण सम्बन्धी हाम्रो संश्लेषित विचारलाई यहाँ बुँदागत रुपमा राख्न चाहन्छु।

(क) मानिस प्रकृतिकै एउटा भाग हो। मानिसलाई बाँच्नु छ भने उसले प्रकृतिसँग सतत् सम्बन्ध बनाइराख्नु पर्दछ। मानिसको शरीर त प्रकृति हो नै उसको मानसिक जीवन पनि प्रकृतिसँगै जोड़िएको छ। यो सत्यबाट आफू-आफू सचेत बन्ने र जनतालाई सचेत बनाउने दिशामा एसडीएफ कर्मीहरूले काम गर्नुपर्दछ।

(ख) एक मानिसमाथि अर्को मानिसको स्वामित्वलाई हामी अस्वीकार गर्दछौं। त्यसरी नै भूमण्डलमाथि मानिसको स्वामित्वलाई पनि हामी अस्वीकार गर्दछौं।

(ग) भूमि र मजदूरीको सम्बन्धमा हाम्रो धारणा के छ भने भूमि माता हुन् र श्रम पिता हुन्। त्यसैले भूमि र मजदूरलाई बर्बाद गर्ने उत्पादन प्रणाली र समाज व्यवस्थाको हामी निषेध चाहन्छौं। धरतीको संसाधनको अदूरदर्शीतापूर्ण दोहन गर्ने विकासका ढाँचाहरू हामीलाई मञ्जुर छैनन्।

(घ) प्रकृतिलाई धारण नगरी, यसलाई नभोगी मानव जीवन सम्भव छैन। तर हामीले यसलाई यसरी भोग गर्नुपर्दछ कि पछाड़ि आउने पीढ़ीलाई एक उन्नत दिशाको प्राकृतिक अवस्था छाड़ेर जान सकियोस्।

(ङ) सबभन्दा महत्वपूर्ण कुरा एसडीएफ, मानिस र प्रकृतिबीच सम्पोषणीय सम्बन्ध कायम गराउन चाहन्छ। प्रकृतिले हामीलाई स्याहरे जस्तै प्रकृतिले हामीलाई पोषण गरेजस्तै हामीले पनि प्रकृतिको स्याहार र पोषण गर्नुपर्दछ। यसलाई नै हामीले सम्पोषणीय सम्बन्ध भनेका हौं।

(च) स्वतन्त्र र साहचर्यबद्ध उत्पादकहरूको समाज स्थापना गर्ने दिशामा एसडीएफले काम गर्दैछ। हामी आर्थिक प्रगति त चाहन्छौं तर प्राकृतिक र भूमण्डलीय अवस्थालाई नै संकटमा पार्ने आर्थिक प्रगतिलाई हामी अस्वीकार गर्दछौं किनकि त्यस्तो प्रगतिले भावी पीढ़ीको हित किमार्थ गर्दैन।

(छ) भूमिको उर्वरता बढ़ाउने नाममा उर्वरताको चिरस्थायी स्त्रोतहरूलाई नै नष्ट गर्ने बीज विधि र उपकरणहरूको प्रयोग सिक्किममा नगर्न हामीले जनतालाई सचेत पार्नुपर्दछ। भूमिको जस्विता अर्थात् प्राकृतिक शक्तिलाई विनष्ट गर्ने वनको और्जिक विनाश गर्ने सिक्किममा र सारा कार्यहरूलाई संसारमै रोक्न हामीले हाम्रो तर्फबाट प्रयत्न गर्नुपर्दछ।

(ज) दुनियाँको जुनै पनि भागमा प्रकृतिमाथि जहाँ मानवीय विजयको डंका पिटियो, त्यहाँ भयानक दुष्परिणामहरू देखापरेका छन्। प्रकृतिप्रति अविवेकी मानव समाजलाई प्रकृतिले भयानक साटो फेर्ने गर्दछ। यी तथ्यहरूबाट शिक्षा लिएर केवल आवश्यक मात्रामा प्रकृतिको विवेकपूर्ण उपयोग गर्न सिक्किमे जनतालाई सचेत पार्नु एसडीएफका कर्मीहरूको दायित्व हो।

(ज) शहर र गाउँबीचको असमान विकासले पर्यावरण विनाशलाई तीव्र पार्ने गर्दछ। पूँजीजति शहरमा केन्द्रित गर्ने र गाउँलाई शहरको सेवामा लगाउने पुरानो परिपाटीलाई फेरेर सन्तुलित विकासको परिपाटी लागू गर्न हामी कटिबद्ध छौं। पार्टीको यो कटिबद्धता अनुसार काम गर्नु पार्टी संगठन र पार्टीअन्तर्गतका जन संगठनका सदस्यहरूको साझा कर्त्तव्य हो।

साथीहरू, संसारमा दुइ किसिमका जीवनहरू छन् - भौतिक र आत्मिक। भौतिक जीवनको अर्थ 'बाँच्नु' -सँग सम्बन्धित छ। हामीले बाँचेको जीवन भौतिक जीवन हो - जो नश्वर छ, नासिएर जान्छ। र, जबसम्म हामीसँग प्राण रहन्छ, तबसम्म हाम्रो प्राणलाई बचाउन नभई नहुने चीजहरू भौतिक चीजहरू हुन्। तर भौतिक चीजहरू मात्र भएर मानव सुखी हुँदैन। मान्छेको निम्ति चेतना पनि नभई नहुने चीज हो। यसलाई हामी मानिसको आत्मिक जीवन भन्दछौं। लाज, घीन, विवेक, तर्क, सौन्दर्य-चेतना, इज्जत, मान आदि सबै चेतनासँग जोड़िएका कुरा हुन्, र यी सबै भावहरू आत्मिक कुराहरू हुन्। मनुष्यको आत्मिक जीवन सम्पन्न (धनी) भएकैले उ अन्य समस्त जीव-जगत्देखि अलग र उत्कृष्ट छ। हामीहरूले यस कुरालाई भुल्नु कदापि हुँदैन। त्यसैले आज समाजमा देखिएको भौतिक सम्पत्तिको होड़लाई यसै दृष्टिबाट बुझ्नसक्नु पर्दछ। अन्यथा सबै थोक नै भौतिक सम्पत्ति वा रुपियाँ-पैसा हो भन्ने घटिया सोचाइले हामीलाई सर्वनाश गरिदिनेछ।